२०७४ वैशाख १८ गते

# प्रेस विज्ञप्ति

नेपालको संविधान २०७२ जारी भए पश्चात निकट भविष्यमै हुन गैरहेको स्थानीय तहको निर्वाचनको संघारमा आएर विगत केहि दिनदेखि उत्पन्न राजनीतिक परिस्थिति प्रति हाम्रो गम्भिर ध्यान आकर्षण भएको छ ।

नेपाली जनताले लामो समयदेखि प्रतीक्षा गरिरहेको स्थानीय तहको निर्वाचनमा राजनीतिक दलहरु तथा आम नागरिकहरुले उत्साह पूर्वक सहभागी भैरहेको, निर्वाचन आयोगले सम्पूर्ण तैयारी गरिसकेको र सिंगो राष्ट्र निर्वाचनको माहोलमा होमिएको बेला देशको पछिल्लो राजनीतिक घटनाक्रमहरुले लोकतान्त्रिक प्रणाली, न्यायिक सर्बोच्चता र राष्ट्रिय स्वाधिनता माथि नै संकट पैदा भएको हाम्रो ठहर छ ।

यस सन्दर्भमा यही बैशाख १७ गते सर्बोच्च अदालतका प्रधानन्यायधिस बिरुद्ध संसदमा दर्ता भएको महाअभियोग प्रस्ताव प्रति पनि हाम्रो गम्भिर ध्यानाकर्षण भएको छ । महाअभियोग प्रस्ताव ल्याउने सार्वभौम संसदको अधिकार भएतापनि यतिबेला नेपालको संविधानलाई द्रुत गतिमा कार्यान्वयनमा ल्याउनु पर्ने र त्यसका लागि स्थानीय तह, प्रदेश तथा संघीय संसदको निर्वाचन क्रमश गर्दै जानुपर्ने अवस्थामा गम्भिर आधार एवं कारणहरु विना नै प्रधानन्यायधिसको बिरुद्ध ल्याइएको महाअभियोग प्रस्तावले न्यायपालिको मर्यादा, न्यायिक सर्बोच्चता र शक्ति पृथकीकरणको मुलभुत मान्यताहरु माथि प्रहार भएको हाम्रो निश्कर्ष छ । साथै संविधानमा रहेको महाअभियोग सम्बन्धी ब्यवस्थाको दुरुपयोग हुनु हुन्न भन्ने हाम्रो मान्यता छ । यस खाले अभ्यासले लोकतन्त्र र लोकतान्त्रिक संस्थाहरुलाई कमजोर बनाउने प्रबृत्तिलाई प्रश्रय दिन्छ । जनआन्दोलन ६२–६३ को जनभावना बिपरित गरिने यस खालका क्रियाकलाप नागरिक संगठनहरुलाई स्वीकार्य हुन सक्दैन ।

महाअभियोग प्रस्ताव र त्यसबाट उत्पन्न राजनीतिक परिस्थितिले राष्ट्रिय सहमति कायम गर्दै संविधान कार्यान्वयन र राष्ट्रिय स्वाधिनताको संरक्षण गर्नुपर्ने वर्तमान परिस्थितिलाई अन्यौलता र गम्भिर संकटमा धकेलिदिएको छ ।

देशमा राजनैतिक संक्रमणकालको अन्त्य गर्दै देशलाई स्थिरता तर्फ लैजानु पर्ने आजको मुख्य राष्ट्रिय कार्यभार हो । तसर्थ, यति बेला प्रमुख राजनीतिक दलहरु, सरकार र प्रतिपक्षहरु सबैले आवेगमा नआई जिम्मेवारी पूर्ण र जनभावनाको कदर गर्नेगरी भूमिका निर्वाह गर्न जरुरी छ । हामी सम्पूर्ण राजनीतिक दलहरु गम्भिर बन्न र संविधान कार्यान्वयनलाई प्रमुख एवं साझा एजेण्डाको रुपमा ग्रहण गरी त्यसमै केन्द्रित हुन हामी आह्वान गर्दछौं । राजनीतिक अन्यौलताको यस परिस्थितिमा स्थानीय तहको निर्वाचन निर्वाध रुपमा सम्पन्न हुने सुनिश्चित गर्न नेपाल सरकारसँग नागरिक संगठनहरु अपिल गर्दछ ।

न्यायिक सर्बोच्चता र स्थानीय तह निर्वाचन सुनिश्चिताका लागि स्थानीय तहहरुमा नागरिक संगठनहरुको तर्फबाट संयुक्त प्रदर्शन तथा दवावमुलक कार्यक्रमहरु तत्काल संचालन गर्नको लागि आह्वान गर्छौ ।

नागरिक संगठनहरुको तर्फबाट भोली १९ गते दिनको ३:०० बजे काठमाण्डौ माइतिघर मण्डलामा आयोजना हुने खबरदारी कार्यक्रम र वैशाख २१ गते २:०० बजे वानेश्वर चोकमा आयोजना हुने नागरिक धर्ना कार्यक्रममा सहभागीताका लागि सम्पूर्ण सचेत प्रबुद्ध नागरिकहरु, संघ संस्था तथा आमसंचार माध्यमहरुलाई हार्दिक आमन्त्रण गर्दछौं ।

**ऐक्यबद्धता सहित तपशिल संघ संस्थाहरु**

| | |
|---|---|
| गोपाल लम्साल | गैसस महासंघ नेपाल |
| सुबोधराज प्याकुरेल | इन्सेक |
| प्रदिप पोखरेल | ई.ओ.सी नेपाल |
| गणेश बिके | राष्ट्रिय दलित नेटवर्क |
| मिनबहादुर शाही | मानव अधिकार एलायन्स |
| नारायण ज्ञवाली | सामुदायिक बिद्युत उपभोक्ता महासंघ नेपाल |
| बाबुराम पन्त | आयोन |
| सुदर्शन सुवेदी | राष्ट्रिय अपांग महासंघ नेपाल |
| सुवास खतिवडा | सामुदायिक रेडियो प्रसारक संघ |
| राजेन्द्र अर्याल | खानेपानी तथा सरसफाई उपभोक्ता महासंघ नेपाल |
| युवराज घिमिरे | कन्सोर्टियम नेपाल |
| केपिला कन्दङवा | वियोण्ड वेइजिङ कमिटि |
| भक्त विश्वकर्मा | दलित गैसस महासंघ नेपाल |
| छत्र प्रधान | राष्ट्रिय जेष्ठ नागरिक महासंघ नेपाल |
| गणेश कार्की | सामुदायिक वन उपभोक्ता महासंघ नेपाल |
| कुमार भट्टराई | सिविन नेपाल÷शिक्षाको लागि राष्ट्रिय अभियान |
| बेनुमाया गुरुङ | एट्विन नेपाल |
| कृष्ण थापा | सामुदायिक बिद्यालय ब्यवस्थापन समिति महासंघ नेपाल |
| सम्झना पोखरेल | जागरण नेपाल |
| केदार खड्का | गोगो फाउन्डेसन |
| बिकल श्रेष्ठ | नियोक |
| तिलोत्तम पौडेल | एन.सी.इ.एल.जी फोरम |
| बदीप्रसाद सिवाकोटी | मानव अधिकारकर्मी |
| रत्न उप्रेती | गैसस महासंघ नेपाल काठमाण्डौ जिल्ला शाखा |
| अमिता अधिकारी | होमनेट नेपाल |
| गीता नेउपाने | दि उमेन फाउन्डेसन |